महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
त्रिवेणी गाउँपालिका
रोल्पा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था ह'ने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिदेशनालय
(लुम्बिनी प्रदेश)

पत्र संख्या: २०७८।७९
च.नं. : ८७०

मिति: २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
त्रिवेणी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
जुगार, रोल्पा ।

कैफियत सहितको राय

हामीले त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. त्रिवेणी गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.२ करोड २२ लाख ०५ हजार बेरुजू देखिएको छ। सोमध्ये मिति २०७९/०२/०४ मा प्राप्त प्रतिक्रियाबाट रू.९९ लाख ८२ हजार फर्स्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१ लाख २६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१५ लाख ४५ हजार, नियमित गर्नुपर्ने रू. १ करोड १ लाख ५८ हजार र पेश्की रू.३ लाख ९५ हजार रहेको छ। पालिकाको गतवर्ष रु. २ करोड २३ लाख ८४ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.२ करोड ५२ लाख २१ हजार रहेको छ । त्रिवेणी गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. त्रिवेणी पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

त्रिवेणी गाउँपालिका
बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगाती		सैद्धान्तिक	लगाती		सैद्धान्तिक	लगाती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
४७	३०	२२२०५	०	२	९९८१	४७	२८	१२२२४	१२६	१०१५८	१५४५	०	०	११७०३	३९५

अद्यावधिक बेरुजू स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
त्रिवेणी गाउँपालिका रोल्पा	२२३८४	०	९३८७	१२९९७	०	१२२२४	२५२२१

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : त्रिवेणी गाउँपालिका, रोल्पा , त्रिबेणी गाउँपालिका , रोल्पा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	निम बहादुर के. सी.	२०७४-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	सुदिप सिग्देल	२०७६-८-३०	
लेखा प्रमुख	गोकर्ण शर्मा	२०७८-१२-२५	
		बेरुजु रकम	१२,२२३,५८८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४,८४,३३,२७९.३९	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३३,८९,८८,७४२	**चालु खर्च**	२८,६७,९०,०३६
प्रदेश सरकारबाट अनुदान	३,९४,४४,०००	**पूँजीगत खर्च**	१५,९६,१३,४६८
राजश्व बाँडफाँट	७,७७,८४,८७६.०६	**वित्तीय/अन्य व्यवस्था**	६,५९,८७,५६७
आन्तरिक आय	१,०५,४९,८७८.०९		
अन्य आय	७,५२,९२,४०३.३८		
कुल आय	५४,२०,५९,८९९.५३	**कुल खर्च**	५१,२३,९१,०७१
बाँकी मौज्दात		७,८१,०२,१०८	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले त्रिवेणी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३८ सभा सदस्य, २०५.३९ वर्ग किलोमिटर क्षेत्रफल तथा २२ हजार ९०० जनसंख्या रहेको छ ।	
२			**वित्तीय विवरण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः • त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
३			**आन्तरिक नियन्त्रण प्रणाली** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको	

			अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म 19 ऐन, 4 नियमावली, 28 कार्यविधि 7 निर्देशिका र 1 नर्म्स र अन्य १४ समेत 73 कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन। • निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन । • निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.12022728/- खर्च लेखेको पाईयो । गत आ.व.मा कोष तथा लेखा नियन्त्रक कार्यालयमा तलबी प्रतिवेदन पारितको लागि अनुरोध भएकोमा पारित गर्न नमिल्ने जानकारी अनुसार यस वर्ष पालिकाको आन्तरिक लेखापरीक्षक शाखाबाट पारित गरिएको छ । • पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
४			**बजेट पेश, पारित र अख्तियारी**	

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री सावित्रा कुमारी बुढाले २०७७।03।10 गते रु.49 करोड 42 लाख 12 हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।03।10 मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।03।15 मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५

चौमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
१	संघीय समानीकरण अनुदान	64139	499	23435	40204	22602
2	संघीय विशेष अनुदान	899	0	799	100	100
3	संघीय सशर्त	204681	35424	37599	131658	89169
4	प्रदेश समानीकरण	4035	0	833	3202	1972
5	प्रदेश विशेष अनुदान	5768	0	718	5050	3007
6	प्रदेश सशर्त	13424	0	0	13424	12032
	कूल खर्च:	292946	35923	63384	193638	128882
	खर्च प्रतिशत	100%	12.26	21.64	66.1	43.99

६			**क्षेत्रगत बजेट र खर्च** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

https://nams.oag.gov.np

उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छ:

:

			कार्यालयले समानुपातिक विकास हुने गरी सबै क्षेत्रलाई समेटेर क्षेत्रगत बजेट निर्माण र कार्यान्वयन गर्नु पर्दछ । वातावरण तथा विकासलाई ध्यान दिएर चालु तथा कार्यालय संचालन खर्च घटाउँदै पूँजीगत क्षेत्रमा बजेट विनियोजन र खर्च गर्नेतर्फ जोड दिनु पर्दछ ।	
७			**खर्च बिश्लेषण** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. ८८३३४७५४.१५ राजस्व बाँडफाँड रु अनुदानबाट रु. ३७८४३२७४२ समेत रु. ५२२०२०५४८.९२ आम्दानी भएकोमा चालु तर्फ रु. २८६७९००३६ र पूँजिगत तर्फ रु.१५९६१३४६८ समेत रु. ४४६४०३५०४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.३६ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. 7691000/- खर्च भएको छ जुन आन्तरिक आयको 72.9 प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६१.४४ प्रतिशत चालु र ३४.१९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।	
८			**योजना र कार्यान्वयन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:	

https://nams.oag.gov.np

क्र. सं.	विवरण	योजना संख्या	रकम
१	रु १ लाख भन्दा कमको योजना	61	4919000
२	रु एक लाख एक देखि पाँच लाख सम्मका योजना	92	23743000
३	रु ५ लाख देखि १० लाख सम्मका योजना	18	16545000
४	दश लाख एक देखि ५० लाख सम्मका योजना	11	21900000
५	५० लाख भन्दा माथीका	3	35000000
	जम्मा	185	102107000

९

मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम

यस कार्यक्रम अन्तर्गत विभिन्न २४ वटा योजनाहरु रु ९५,०००।०० देखि रु ४,८०,०००।०० सम्मको जम्मा रु ३२,८८,९७०।०० खर्च भएको छ । खानेपानी विस्तार तथा मर्मत, मुहान संरक्षण, टयाङ्की निर्माण, शैक्षिक गुणस्तर सुदृढिकरण(टेवुल,कुर्सी लगाएत खर्च) जस्ता स-सना कार्यक्रममा खर्च भएको छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।

१०

कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न 6 पदमा 36 जना कर्मचारीहरु करारमा राखी रु.9663136/- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न 4 पदमा 16 जना करार नियुक्ति गरी बर्षभरीमा रु.3736190/- भुक्तानी गरेको अनियमित देखिएको रु.

३,७३६,१९०

११

न्यायीक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही

			किनारा गरी टुङ्गो लगाउन बाकी र यो बर्ष थप भएको १६ गरी कुल १६ विवाद दर्ता भएकोमा १३ वटा मात्र फछ्र्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१२			**पदाधिकारी अन्य सुविधा** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ३ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट,जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु.२३८८000/- टेलिफोन तथा मोवाइल रु.1236000/- पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.1116000/- जनसम्पर्क विशेष कार्यसुविधा रु.1908000/- मर्मत सम्भारमा रु120000/- अतिथि सत्कारमा रु.468000/- खानेपानी विजुली सरसफाईमा रु.120000/- समेत रु.8970050/- खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको रु.2053000/- भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।	

सि.नं	विवरण	प्रमुख/ अध्यक्ष	उपप्रमुख/ उपाध्यक्ष	वडाअध्यक्ष 7 जना	कार्यपालिका सदस्य 6	सभाका सदस्य 23	जम्मा
१	बैठक भत्ता	-	-	-	-	-	1279050
२	यातायात खर्च	144000	144000	840000	432000	828000	2388000
३	टेलिफोन,मोबाइल	42000	36000	252000	216000	690000	1236000
४	पुस्तक,पत्रीका, ईन्टरनेट	48000	48000	252000	216000	552000	1116000
५	जनसम्पर्क/विशेष कार्यसुविधा	120000	96000	504000	360000	828000	1908000
६	अतिथि सत्कार	72000	60000	336000	-	-	468000
७	खानेपानी तथा सरसफाई	60000	60000	-	-	-	120000
8	मर्मत संभार र विद्युत् /उर्जा खर्च	60000	60000	-	-	-	120000
9	चाडपर्व खर्च	15000	15000	84000	60000	161000	335000
जम्मा							8970050

१३			**स्वकीय सचिव र सल्लाहकार** लुम्विनी प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाउँपालिकाले प्रेस संयोजकको रुपमा श्री प्रतिक्षा बुढामगर लाई नियुक्त गरी मासिक रु.20000/- का दरले भुक्तानी गरेको अनियमित देखिएको रु.	२६०,०००
१४			**खाना तथा विविध खर्च**	

https://nams.oag.gov.np

			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु.1614674/- खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
१५			**आर्थिक सहायता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले कार्यविधि अनुसार विभिन्न प्रयोजनको लागि यो वर्ष विभिन्न 62 व्यक्ति एवं संघ संस्थालाई रु.625000/- आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
१६			**अनुदानको अनुगमन** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु.1904697/- लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	
१७			**कर तथा शुल्क असुली** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।	

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
भुमिकर/मालपोत	1000000	2261844	226
अन्य कर	3200000	3160201	99
वहाल कर	1743680	1110160	64
व्यवसाय रजिष्ट्रेशन	300000	115285	38
सिफारिश दस्तुर	500000	1208766	242

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

१८

गिट्टी, ढुंगा, बालुवाको कर

स्थानीय सरकार संचालन ऐन, 2074 को साबिक दफा 64 को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, 2075 द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ । यसै सम्बन्धमा लुम्विनी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७६ को दफा ९ मा संघीय कानुनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी ब्यबस्था गरेको छ । लुम्विनी प्रदेश आर्थिक ऐन २०७६ को दफा ९(५) अनुसार गिट्टी ढुंगा बालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, 2077 जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रिबापतको राजस्व स्थानियले सङ्कलन गरी प्रदेश र स्थानिय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने ब्यबस्था गरेको छ जुन स्थानिय सरकार सञ्चालन ऐनको दफा ६२(क) बिपरित देखिन्छ । गिट्टी ढुंगा बालुवा बिक्रिबाट प्राप्त हुने राजस्व उत्पतीको आधार एबं सो राजस्व सङ्कलन गर्दा पर्ने बाताबरणीय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजस्व बाँडफाँड सम्बन्धी कानुन तर्जूमा गर्दा सो बिषयलाई मध्यनजर राखेर संघीय कानुनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सो को आधारमा राजस्व संकलन तथा बाँडफाँड गर्नुपर्दछ ।

१९

राजश्व दाखिला

प्रदेश आर्थिक कार्यबिधि ऐन, 2074 को दफा 23 (3) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १० दिन भन्दा ढिलो गरेको भए 10 प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूर को मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्ने गराउन सक्ने व्यवस्था छ। कार्यालय अन्तर्गत ७ वटा वडाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकं दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।

२०

म.ले.प. फाराम प्रयोग नगरेको

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५ दफा २७ बमोजिम कारोवारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने र सरकारलाई प्राप्त हुने राजश्व र सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उल्लेख छ । साथै निम्नबमोजिम राजश्व फारामहरु नराखेकोले आन्तरिक नियन्त्रण हुने गरी तोकिए बमोजिमका निम्न फारमहरु अनिवार्य प्रयोग गरी राजस्वको लेखा राख्नु पर्ने देखिन्छ । — नगदी प्राप्ती रसिद म.ले.प फाराम नं. १०१ — दैनिक राजश्व ÷ आम्दानी खाता म.ले.प फाराम नं. १०२ — राजश्व ÷ आम्दानीको शीर्षकगत खाता म.ले.प फाराम नं. १०४ — राजश्व आम्दानीको गोश्वारा खाता म.ले.प फाराम नं. १०५ — राजश्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०६ — राजश्व आम्दानीको दैनिक बैँक भौचर प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०७ — राजश्व आम्दानीको बैँक नगदी किताब म.ले.प. फा.नं. १०८

२१

रितपूर्बकको कर बिजक

९७०,९५५

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु.424500/- समेत रु.55185/- समाना तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

गो.भौ.नं./मिति	भुक्तानी पाउनेको नाम	भ्याट नं.	कर विजकको अवस्था	विजक नं	भुक्तानी रकम	मु.अ.कर रकम
२८।०७७।९।२७	रोल्पा स्वच्छन्द निर्माण सेवा	६०६८१९६२४	विजक नं. हातले लेखेको	9	1202899	156376
११६।०७७।१२।२७	रोल्पा स्वच्छन्द निर्माण सेवा		विजक नं. हातले लेखेको	13	2947890	383225
२।०७८।२।४(प्रदेश समपूरक)	रोल्पा स्वच्छन्द निर्माण सेवा		विजक नं. हातले लेखेको	14	3318115	431354
	जम्मा				7893404	970955

२२

उपभोक्ता समिति दर्ता

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न 18 उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु. 102107000/- भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

२३

जटिलसंरचना निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
८-०७८।३।२३	धोनीखोला लिफ्ट सिंचाई	लिफ्ट सिंचाई	९५०६६६
१०-०७८।३।२४	द्धारपानी सिमपानी लीफ्ट खानेपानी	लिफ्ट खानेपानी	११७८४१८
६-०७८।३।१८	झुम्लुङ्ग लिफ्टिङ्ग खानेपानी	लिफ्ट खानेपानी	१६०६२३८
	जम्मा		३७३५३२२

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

२४

उपभोक्ता समितिले निर्माण व्यवसायीसँग सम्झौता गरी कार्य गरेको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टवाट गराउन सकिने छैन भन्ने व्यवस्था छ । यस पालिकाले निम्नानुसारको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा उपभोक्ताले लिएको काम निर्माण व्यवसायीसँग सम्झौता गरी कार्य सम्पन्न गराएको छ । उपभोक्ता समितिले निर्माण व्यवसायीसँग सम्झौता गरी निर्माण कार्य गरेको नियम सम्मत भएन रु

४,७९५,०००

गोभौ. र मिति	उपभोक्ता समिति	काम	निर्माण व्यवसायी	भुक्तानी रकम
१५८।०७८।३।३	घर्तिवाङ्ग डरुवा कोटनेटा सडक	सडक निर्माण	घारापानी निर्माण सेवा	९६००००
१३७।०७८।२।२	प्युरी बर्तिवाङ्ग सडक	सडक निर्माण	वली एण्ड सन्स कन्स्ट्रक्सन प्रा.लि	१९२००००
२२२।०७८।३।२३	चंवास देखि लंबाज सडक	सडक विस्तार	घारापानी निर्माण सेवा	९५५०००
१०।०७७।९।२	तिला रानागाउँ नाङ्गगा मोटरवाटो	सडक खन्ने	धारापानी निर्माण सेवा	९६००००
			जम्मा :	४७९५०००

२५

गत विगतको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम ३० (७) मा स्थानीय तहको विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको खर्च शीर्षकको हकमा बाहेक अन्य बजेट शीर्षक अन्तर्गत पर्ने भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनभन्दा सात दिन अगाडी भुक्तानी दिई लेखा अद्यावधिक गर्नुपर्ने व्यवस्था रहेको छ । गो.भौ.न. १७-2077/09/20 बाट कार्यालयले त्रिवेणी उज्यालो कार्यक्रम अन्तर्गत वडा न. ५ मा विद्युत विस्तार योजना उपभोक्ता समितिलाई करबाहेक रु.1408804/- भुक्तानी दिएकोमा आ.व. 2075/076 मा भुक्तानी दिन बाँकी विवरण प्रमाणित भएकोमा भुक्तानी नभई आ.व. २०७६/077 मा पूनः भुक्तानी दिन बाँकी विवरण प्रमाणित गरी आ.व. २०७७/७८ मा भुक्तानी भएको छ । भुक्तानी रोक्का हनुको स्पष्ट कारण उल्लेख नगरी भुक्तानी दिनुपर्ने आ.व. समाप्त भएको दुई वर्षपछि पहिलेको भुक्तानी दिने कार्यमा उचित भएन । कार्यसम्पन्न भईसकेपछि फरफारक गरी समयमै भुक्तानी दिनु पर्दछ ।

२६

थप आर्थिक व्ययभार

२६.१

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने र नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यका लागि स्वीकृत नम्स र जिल्ला दररेटका आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । यस पालिकावाट निम्नानुसारको निर्माण कार्य उपभोक्ता समिति मार्फत गरेकोमा नम्सभन्दा वढी दर राखि सडक निर्माण वापत भुक्तानी गरेको देखियो । यसका केही उदाहरण निम्नानुसार रहेको छ

२६.२

गो.भौ. ७९।०७७।११।२१ : दहखोला अगरनेटा हान्जावाङ्ग मोटरवाटो स्तरोन्नती र नेर्पा अयूनेटा हान्जावाङ्ग सडक योजना सम्पन्न वापत उपभोक्ता समितिलाई ग्राभेल खोलाको १५ से.मी. को ६० घन मी. रु २२१३।७१ प्रति घन मी. का दरले रु १,७०,०१२।९२ भुक्तानी

१७०,०१२

भएकोमा चेनेज उल्लेख नगरी नापी गरी भुक्तानी भएको छ । चेनेज उल्लेख नगरी नापी कितावमा परिमाण उल्लेख गरी भुक्तानी दिएको नियम सम्मत भएन रु.....

२७ **गो.भौ. १७।०७८।१।१४** १०,४८३

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । भोजेवाङ्ग ट्रस पुल निर्माण वापत उपभोक्ता समितिलाई आइटम नं. ४ Local material collection (Bamboo/wood for Scaffolding) वापत निम्नानुसार वढी भुक्तानी भएकोले सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनुपर्दछ रु...

भुक्तानी हुनुपर्ने परिमाण	भुक्तानी भएको परिमाण	फरक परिमाण	दर रु	वढी भुक्तानी रु
३३६ जना	३८४ जना	४८ जना	२१८।४०	१०४८३।२०

२८ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको पाईयो । यससम्बन्धमा कार्यालयसँग छलफल गर्दा कार्यालय भौगोलिक रुपमा विकट रहेको र आर्थिक वर्षको अन्तिममा मसलन्द तथा कार्यालय सामाग्री अति आवश्यक परेकोले कोटेशनबाट किन्नु परेको जनाएको छ । यसप्रकारको कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

गो.भौ.र मिति	पार्टीको नाम र प्यान न.	बिल नं. र मिति	भ्याटसहितको मूल्य
73-2077/07/26	राप्ती स्टेशनरी एण्ड बुक्स सेन्टर (304436190)	152,154,155- 2077/6/16	358232
356-2078/03/16	राप्ती स्टेशनरी एण्ड बुक्स सेन्टर (304436190)	567,568-2078/2/27	233080
जम्मा			591312

२९			**ठे.नं. २।२०७६।७७**	
२९.१			जुगार निगालपानी सडक निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी रोल्पा स्वच्छन्द निर्माण सेवा प्रा.लि. वीच कवोल अंक रु १,२२,९६,२८०।०० को मिति २०७७।३।२५ मा सम्पन्न गर्ने गरी मिति २०७६।१२।२ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :	
२९.२			**भेरिएशन अर्डर** : गाउँपालिकाले सार्वजनिक खरिद नियमावली पारित नगरेको र संघीय सार्वजनिक खरिद नियमावली, २०६४ मा स्थानीय तहको कुन पदाधिकारीले म्याद थप र भेरिएशन आदेश स्वीकृत गर्ने सम्वन्धि स्पष्ट ब्यवस्था रहेको छैन् । यस निर्माण कार्यको भेरिएशन अर्डर गाउँपालिकाको अध्यक्षवाट स्वीकृत भई निर्माण व्यवसायीको कवोल अंकमा १०.२०% भेरिएशन अर्डर जारी भएको देखियो । पालिकाले सार्वजनिक खरिद नियमावली तयार गरी स्पष्ट कानूनी आधारमा म्याद थप तथा भेरिएशन अर्डर जारी गर्ने तर्फ ध्यान दिनुपर्दछ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५.४ मा महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । भेरिएशन आदेश जारी गर्दा म.ले.प.फा.नं. ५०८ को ढाँचामा तयार गरी स्वीकृत गरेको छैन् । यसले गर्दा लागत अनुमानको आइटम दरको तुलनामा कवोल अकंको आइटम दरमा वढी वा घटी को अवस्थाको वारेमा विश्लेषण गर्न सक्ने अवस्था रहेन । भेरिएशन आदेश जारी गर्दा म.ले.प.फा.नं. ५०८ को ढाँचामा तयार गरी स्वीकृत गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(१) मा खरिद सम्झौता गर्दाको वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सार्वजनिक निकायले प्रक्रिया पुरा गरी भेरिएशन आदेश जारी गर्नु पर्ने व्यवस्था छ । यस निर्माण कार्यको पूर्वानुमान गर्न सकिने बिषयलाई समेत विस्तृत परियोजना प्रतिवेदन (DPR) ले समेटेको देखिएन । Joint Construction Survey गर्दा विभिन्न ठाउँमा कटिङ्ग र फिलिङ्ग गर्नुपर्ने, ह्युम पाइप र ग्यावियन वाल लगाउनु पर्ने, एलाइनमेन्ट परिवर्तन गर्नुपर्ने जस्ता कारणवाट वढि काम गर्नुपर्ने जनाएको छ । विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार वापत आ.व. २०७६।७७ मा वाइड इन्जिनियरिङ्ग सोलुसन प्रा.लि. लाई रु ४,४४,१६१।०० भुक्तानी भएको छ । DPR तयार गर्दा यथार्थपरक ढंगले तयार भएको देखिएन । सम्वन्धित परामर्शदातालाई जिम्मेवार वनाउनु पर्दछ रु.....	४४४,१६१
२९.३			**म्याद थप** : यस निर्माण कार्यको म्याद मिति २०७७।१२।३१ सम्म थप भएको छ । म्याद थप गर्दा कार्य सम्पादन जमानत र वीमाको म्याद थप गरेको छैन् । कार्यसम्पादन जमानत र वीमाको म्याद थप नगरी निर्माण कार्यको म्याद थप गरेको नियम सम्मत भएन । कार्यसम्पादन जमानत र वीमाको म्याद थप गरी निर्माण कार्यको म्याद थप गर्ने तर्फ ध्यान दिनु पर्दछ ।	

https://nams.oag.gov.np

३०			**पेश्की जमानतको अवधि** कार्यालयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ९८११७४२ मिति २०७९। ०२। ०४ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो	
३१			**प्रोभिजनल समको विल भरपाई**	
३१.१			आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । निर्माण कार्यको वी.ओ.क्यू. को प्रोभिजनल समम रहेको आइटमको भुक्तानी गर्दा वास्तविक भएको खर्चको विल संलग्न गरी भुक्तानी गर्नु पर्दछ । रनिङ्ग विलमा प्रोभिजनल सम वापत निम्नानुसार भुक्तानी दिएकोमा विल भर्पाई संलग्न नरहेकोले प्रमाण पेश गर्नुपर्ने रु.	३८७,२९७

गो.भौ. र मिति	ठे.नं.	आइटम	भुक्तानी रकम रु
२२।०७७।९।२२	१।०७६।७७	Insurance	३०००००
		Test for material	६२५०
		Relocation of Services	५००००
४।०७८।३।२४	३।०७७।७८	Test for material	६०४७
		Relocation of Services	२५०००
जम्मा :			३८७२९७

३१.२			**गो.भौ. २०।०७८।२।५** : ठे.नं. ३।२०७६।७७ को वडा स्वास्थ्य चौकी निर्माण कार्यको लागि प्रोभिजनल समको आइटम वीमा र प्रयोगशाला परिक्षण वापत नि.व्य. सुवर्नावती कन्स्ट्रक्सन लाई रु १,००,०००।०० भुक्तानी दिएकोमा वीमाको विल रु १३,१३१।०७ को पेश भएकोमा प्रयोगशाला परीक्षण वापतको विल पेश भएको छैन् । अत: नपुग रकम रु ८६,८६९।०० को प्रमाण पेश हुनुपर्ने रु.....	८६,८६९

३१.३			**गो.भौ. ८४।०७८।३।२४** : ठे.नं. ४।०७६।७७ को वडा नं. ६ को आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण वापत प्रोभिजनल सम को आइटम वीमा र प्रयोगशाला परिक्षण वापत नि.व्य. सुवर्नावती कन्स्ट्रक्सन लाई रु १,००,०००।०० भुक्तानी दिएकोमा विल संलग्न रहेको पाइएन। अत: वीमा र प्रयोगशाला परिक्षणको प्रमाण पेश हुनुपर्ने रु..	१००,०००
३२			**रिटेन्सन मनी** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(४) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य बिल विजकको भुक्तानी गर्दा रिटेन्सन मनी वापत बिल विजकमा उल्लेखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानी गर्दा रिटेन्सन मनी कट्टी नगरी भुक्तानी गरेको नियम सम्मत देखिएन रु..... गो.भौ. र मिति | ठे.नं. र कार्य | आपूर्तिकर्ता | भुक्तानी रु(मू.अ. कर वाहेक) | कट्टी गर्नुपर्ने रिटेन्सन मनी रु १८।०७८।३।१६ | SQ/2/077/78 झो.पू. निर्माण | एग्रो इन्जिनियरिङ्ग | १०४७५२४ | ५२३७६ | | | जम्मा : | 52376	५२,३७६
३३			**डीपीआर खर्च** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।	

क्र.सं.	कार्यक्रमको नाम	परामर्शदाता	स्वीकृत बजेट	खर्च रकम
१	Preparation of Triveni Rural Municip Administrative Buiding and Playground Jungar And Tribeni-1	थुर्पा इन्जिनियरिङ्ग कन्सल्टेन्ट एण्ड कन्स्ट्रक्सन प्रा. लि.	५,००,०००	४,९७,२००
२	Feasibility Study, Master Plan, Detailed Engineering Survey, Soil Investigation, Detailed Design, Cost Estimation and Preparation of Detailed Project Report (DPR) of 15 Bed Hospital Building	सुगी कन्सल्टेन्ट प्रा. लि.	१०,००,०००	९,९४,४००
३	Triveni Rural Municipality Administrative Building Project at Jugar, Rolpa	के. बि. इन्जिनियरङ्ग कन्सल्टेन्सि रोल्पा	१०,००,०००	९,९९,५९८
४	Shree Jana Jagriti Secondary School Jungar, Triveni-05, Rolpa	इन्जि ईन्जिनियरको घर प्रा.लि. जडिबुटि - ३२ काठ्माडौ	१०,००,०००	९,९४,४००
५	Water Supply & Sanitation Project Triveni Rural Municipality (Nuwagaun)	थुर्पा इन्जिनियरिङ्ग कन्सल्टेन्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि.	८,००,०००	७,९८,९१०
६	Tourism Development Love Park in Triveni Rural Municipality	मुनाल कन्सल्टेन्ट प्रा. लि.	५,००,०००	४,९६,०७०
जम्मा				४७,८०,५७८

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

३४			**क्षतिपूर्ति वितरण**	७००,०००

https://nams.oag.gov.np

			49-2077/11/18 जग्गा प्राप्ति ऐन, २०३४ को दफा (३क) मा प्रदेश वा स्थानीय तहद्धारा सञ्चालन गर्ने परियोजनाका लागि जग्गा आवश्यक पर्ने भएमा सम्वन्धित प्रदेश वा स्थानीय तहले यस ऐन वमोजिमको मुआब्जा र अन्य सबै खर्च व्यहोर्ने गरी कुनै जग्गा प्राप्त गराइ दिने नेपाल सरकार समक्ष अनुरोध गरेमा नेपाल सरकारले त्यस्तो जग्गा प्रदेश वा स्थानिय तहलाई जग्गा प्राप्त गराई दिन सक्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा १३(२) मा मुआब्जा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा गठन भएको समितिले निर्धारण गरे वमोजिम हुने व्यवस्था छ । यस पालिकावाट यस वर्ष गाउँपालिकाको क्षेत्रभित्र पर्ने बाटोमा पहिरो आएको कारण डिलसरा घर्तिमगर लाई रु.700000/- क्षतिपूर्ति निजको निवेदन, प्रहरीको सर्जमिन मुचुल्काको आधारमा कार्यपालिकाको २०७७/07/26 को आधारमा प्रदान गरेको पाईयो । वास्तविक क्षतिपूर्ति कति भएको हो भन्ने निर्धारण नगरी कार्यपालिकाको निर्णयको आधारमा क्षतिपूर्ति दिईनु नियम संगत भएन रु.....	
३५			**शिक्षक दरवन्दी र पदपूर्ति** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।	

सि.नं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
१	श्री जनजागृती मा.वि जुगार	२०	२०	४	११४८
२	श्री अरनिको मा.वि नुवागाउँ	१६	१६	४	७८८
३	श्री सिद्धरत्न मा.वि हान्जावाङ	७	७	४	१९२
४	श्री सरस्वती मा.वि लिङदुङ	८	८	४	६००
५	श्री सरस्वती मा.वि काउलाबोट	८	८	४	२७९
६	श्री जनकल्याण मा.वि सिम्पानी	११	११	६	६७५
७	श्री गोविन्द मा.वि दुम्ला	८	८	२	३९९
८	श्री विरेन्द्र मा.वि गाङ्	८	८	३	४११
९	श्री शिव मा.वि द्धारपानी	८	८	५	४९२
१०	श्री भगवती मा.वि दहवन	४	४	१	३६७
११	श्री वालकल्याण मा.वि यारी करेटी	३	३	०	१९९
१२	श्री शुक्र मा.वि झुम्लुङ	१०	१०	७	४८३
१३	श्री भानु आ.वि बाँजबोट	४	४	४	१२०
१४	श्री जय नारायण आ.वि जगरबोट	३	३	०	१६९
१५	श्री दुर्गा भवानी आ.वि लाम्पुत्ली	४	४	१	२२२
१६	श्री वालकल्याण नमूना आ.वि ढोरेनी	३	३	०	१७८

१७	श्री जनसेवा आ.वि करेटी	३	३	२	१६९
१८	श्री सरस्वती आ.वि जेल्वाङ	३	३	०	१८५
१९	श्री जनता आ.वि ह्याङ	४	४	२	१६७
२०	श्री सूर्योदय आ.वि रिजा	३	३	०	१४३
२१	श्री कासाखानी प्रा.वि काफलनेटी	२	२	२	६२
२२	श्री जनज्योति प्रा.वि रानिपोखरी	१	१	१	८१
२३	श्री नेपाल राष्ट्रिय प्रा.वि रातामाटा	३	३	१	५३
२४	श्री भगवती प्रा.वि वर्तिवाङ	२	२	०	४८
२५	श्री बालसेवा प्रा.वि जप्का	०	०	०	६७
२६	श्री जनसेवा आ.वि रामिडाँडाँ	३	३	२	१०३
२७	श्री बालविकास प्रा.वि धानावाङ	१	१	१	३२
२८	श्री जनश्रम प्रा.वि	३	२	२	८५
२९	श्री नेपाल राष्ट्रिय प्रा.वि तुक्ला	३	३	१	५४
३०	श्री राष्ट्रिय प्रा.वि सिवाङधारा	२	२	१	५८
३१	श्री सिद्ध प्रा.वि थापरचौर	२	२	२	१४८
३२	श्री बालकल्याण प्रा.वि रामुलटाकु	२	२	२	८३

३३	श्री राम प्रा.वि राम्मी	०	०	०	३७
३४	श्री सिद्धेश्वरी प्रा.वि जंगाडाँडाँ	०	०	०	४७
३५	श्री युवावर्ष प्रा.वि कोटनेटा	२	२	२	१४८
३६	श्री नेपाल राष्ट्रिय प्रा.वि रामपुर	३	३	०	६८
३७	श्री विश्वशान्ती क्षेत्र प्रा.वि छापनेटा	३	३	१	७२
३८	श्री विद्यामन्दिर प्रा.वि रानागाँउ	४	४	०	८६

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार श्री राम प्रा.वि राम्मी र श्री सिद्धेश्वरी प्रा.वि जंगाडाँडाँमा विद्यार्थी संख्या रहेतापनि शिक्षक दरबन्दी नभएको पाईयो । विद्यार्थीहरुको आधारभूत र मौलिक अधिकारको रुपमा रहेको विद्यालय शिक्षालाई सुनिश्चित गर्न नजिकको विद्यालयमा गाभ्ने वा विद्यार्थी सङ्ख्याको आधारमा शिक्षकको व्यवस्थापन गर्नु पर्दछ ।

३६ **पाठ्यपुस्तक वितरण** ११५,२४५

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७७ अनुसार पालिकाले विद्यालयहरुलाई पाठ्यपुस्तक खरिदको रकम शोधभर्ना गर्दा EMIS अनुसार विद्यार्थि संख्याको आधारमा दिइने निकासा र पाठ्यपुस्तक खरिदको विल रकम मध्ये जुन कम हुन्छ त्यही रकम शोधभर्ना गर्नुपर्ने हुन्छ ।तर पालिकाले सम्पूर्ण विद्यालयले पेश गरेको विल अनुसार वढी निकासा भएका विद्यालयबाट फिर्ता माग्नुपर्ने रकम माग गरेको देखिएन ।कार्यालयले देहायका विद्यालयहरुलाई दिनुपर्ने भन्दा वढी निकासा दिएकाले असुल गर्नुपर्ने

क्र.स.	विद्यालयको नाम	दिएको	दिनुपर्ने	बढी
१	श्री कासाखानी प्रा.वि काफलनेटी	२५३२८	२००७६	५२५०
२	श्री जनज्योती प्रा.वि	४१८५९	३८७४६	३११०
३	श्री सिद्ध प्रा.वि धापरचौर	७३८१९	४४६३२	२९१८५
४	श्री जनसेवा आ.वि रामीडाँडाँ	५२४१८	५०८३५	१५८०
५	श्री नेपाल राष्ट्रिय प्रा.वि रातामाटा	20364	१६३२९	४०३५
६	श्री बालसेवा प्रा.वि जब्का	२८२३८	२१८२८	६४१०
७	श्री सिद्धेश्वरी प्रा.वि जंगाडाँडाँ	२७०८५	१९२५२	७८३०
८	श्री शुक्र मा.वि झुम्लुङ	२६९९३७	२६७५११	२४२५
९	श्री वालकल्याण मा.वि करेटी	९१८८१	८२३५९	९५२०
१०	श्री युवावर्ष प्रा.वि कटिनेटा	५२४९५	४२९३३	९५००
११	श्री जनश्रम प्रा.वि हुन्डुङ	३३९६०	२७८०३	६१५५
१२	श्री नेपाल राष्ट्रिय प्रा.वि सिवाङधारा	२३२७२	२१०५६	२२१५
१३	श्री सरस्वती मा.वि जेल्वाङ	१०५०९५	७७०६३	२८०३०
	जम्मा			१७०,१२०

३७			**औषधी खरिद**	

३७.१			सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.1493260/- का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः	
३७.२			खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।	
३७.३			आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।	
३७.४			आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
३७.५			औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।	
३७.६			औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
३८			**प्रधानमन्त्री रोजगार कार्यक्रम** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा 54 निर्माण कार्य लगायतका कार्यक्रम	

			सञ्चालन गरी यस वर्ष 489 जनालाई रोजगारी उपलब्ध गराई रु.12476555/- खर्च गरेको छ । लक्षित वर्गलाई 42 दिनदेखि 48 दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।	
३९			**पारदर्शिता कायम नगरेको**	
३९.१			सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, 2075 को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानिय तहको वेभसाईटमा राख्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले उल्लेखित व्यवस्था परिपालन गरेको पाईएन । कार्यविधिमा उल्लेखित व्यवस्थाको परिपालना गरिनु पर्दछ ।	
३९.२			सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, 2075 को दफा 15 (6) मा अघिल्लो किस्ताको पेश्की फछ्र्यौट नभई अर्को किस्ता वा निकासा दिइने छैन भन्ने व्यवस्था रहेको छ । कार्यालयले वडा सचिवहरुलाई पहिलो किस्ताको पेश्की फछ्र्यौट नगरी अर्को किस्ताको पेश्की दिएकोले वास्तविक खर्च एकिन हुन नसक्ने र सामाजिक सुरक्षा भत्ता जुन प्रयोजनको लागि उपलब्ध गराईएको हो सोमा प्रयोग भए/नभएको एकिन गर्न सकिएन ।	
३९.३			सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, 2075 को दफा 16 (क) मा स्थानिय तहले सम्बन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिक असोज दोस्रो हप्ताभित्र, दोस्रो चौमासिक माघको दोस्रो हप्ताभित्र र तेस्रो चौमासिक जेष्ठको दोस्रो हप्ताभित्र वितरण गरिसक्नुपर्नेमा सो अवधिमा सामाजिक सुरक्षा भत्ता निकाशा माग र वितरण नगरेको पाईयो । पालिकाले कार्यविधिमा तोकिए बमोजिमको समयमा निकासा माग र वितरण कार्य सम्पन्न गर्नुपर्नेमा ध्यान दिनुपर्ने देखिन्छ ।	
४०			**समिति गठन** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।	

४१			**कार्य योजना** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।	
४२			**विपद् व्यवस्थापन कोष** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात रु.752151/- समेत रु.2312140/- आम्दानी भई रु.1772498/- खर्च गरी बाँकी रु.539642/- देखिन्छ । पालिकाले खर्च मध्ये रु.1772498/- भुक्तानी गरेको देखिन्छ ।	
४३			**वार्षिक प्रतिवेदन** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
४४			**सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छः : पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।	
४५			**भ्रमण खर्च** लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन् । • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै	

			कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकीकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानूनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	
४६			**आ.ले.प. बेरुजु** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ८५ (१) अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केको बेरुजू अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्नेमा असुल उपर गरी बेरुजू लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औलाएका देहाय अनुसारका बेरुजूहरू अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि फछ्र्यौट गरेको पाईएन । समयमै बेरुजु फछ्र्यौट गर्नु पर्दछ ।	
४७			**पेश्की बाँकी** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम ४७ अनुसार दिईएको पेश्की लिने व्यक्ति तथा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र खर्च प्रमाणित गर्ने आवश्यक बील भरपाई र कागजात सहितको प्रतिवेदनका आधारमा कार्यालय समक्ष पेश गर्नुपर्ने र कार्यालयले पेश भएको सात दिनभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । नियम 52(3) अनुसार कार्यालयले दिएको म्याद ननाघेको तथा म्याद नाघेको पेश्कीको निम्नानुसार विवरण तोकिएको समयमा नै कार्य सम्पन्न गरी पेश्की फछ्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	३९५,०००

https://nams.oag.gov.np

क्र.सं	पेश्की लिने व्यक्ति तथा संस्था	फछ्र्यौट गर्नुपर्ने म्याद	रकम रु.	कैफियत
1	मन्जु डाँगी वली	2078/04/26	159350	म्याद नाघेको
2	मन्जु वली डाँगी	2078/04/26	5650	म्याद नाघेको
3	हिरा बुढा	2078/04/28	230000	म्याद नाघेको
4	रोल्पा स्वच्छन्द निर्माण सेवा	2078/02/10	1178332	म्याद ननाघेको
5	रोल्पा स्वच्छन्द निर्माण सेवा	2078/04/12	1094991	म्याद ननाघेको
जम्मा			2668323	

४८

कोभिड १९ तर्फ

आ.व २०७७।७८ को अषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छः

आम्दानी स्रोत	रकम रु	खर्च शिर्षक	रकम रु
गत बर्षको बाँकी	७५२१५१	राहत वितरण	
स्थानीय तहको आफ्नै वजेटवाट	0	क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन	५६१५०
संघीय कोभिड कोषवाट	0	औषधी एवं स्वास्थ्य उपकरण खरिद	८१७४२४
प्रदेश कोभिड कोषवाट	१०५३५०	आइसोलेसन केन्द्र निर्माण	५३९१३५
अन्य स्रोतबाट		खोप कार्यक्रम खर्च	
विविध स्रोत	४५४६३९	जनशक्ति परिचालन (डाक्टर)	२६९१५०
प्रदेश सञ्चित कोषबाट	१००००००	प्रशासनिक खर्च	
		अन्य खर्च	९०६३९
		वाँकी	५३९६४२
जम्मा	२३१२१४०		२३१२१४०

यस सम्बन्धमा निम्नानुसार देखिएको छः

४८.१ **जोखिम भत्ता**: नेपाल सरकारद्वारा जारी भएको "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७(ङ) मा, अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु. तलव स्केलको ५० प्रतिशत र कन्ट्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टाइनमा खटिएका जनशक्तिलाई ७५ प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ।कार्यालयले अग्रपंतिमा खटेका स्वास्थ्यकर्मी तथा अन्य कर्मचारी गरी जम्मा 38 जना कर्मचारीको जोखिम भत्तामा रु.297138/- खर्च लेखेको छ ।

४८.२ **क्वारेन्टाईन र आइसोलेसन व्यवस्थापन** : कार्यालयले कोभिडको जोखिममा परी संक्रमित व्यक्तिहरुको व्यवस्थापनको लागि गरी 1 वटा

https://nams.oag.gov.np

			आईसोलेसन सेन्टर स्थापना गरी रु. ५३९१३५/- गरेको छ । कार्यालयले क्वारेन्टाईनमा रु.56150/- खर्च लेखेको छ । कार्यालयले स्थापना गरेको 10 वेडको आईसोलेसनमा दैनिक रुपमा सरदर 8 जनाका दरले आषाढ मसान्तसम्म 12 जना बसेको विवरण प्राप्त भएको छ ।		
४८.३			**विशेष परिस्थिति खरीद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयले कोभिड १९ प्रकोप रोकथाम र न्यूनीकरणको लागि देहाय अनुसारका प्रमुख स्वास्थ्य सामाग्रीको खरिद गरेको छ । खरिद दर लट अनुसार फरक रहेको छ । कार्यालयले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना गरेको देखिएन । ऐनमा भएको व्यवस्था कार्यान्वयनमा ध्यान दिनुपर्छ ।		
४९			अनुगमन तथा सम्परीक्षण स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।		

https://nams.oag.gov.np

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

https://nams.oag.gov.np

५०			अद्यावधिक वेरुजु यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ		

https://nams.oag.gov.np